जानकी गाउँपालिका

# स्थानयि राजपत्र

खण्डः १ संख्याः ११ प्रमाणिकरण : २०७५।०३।२५

प्रकाशनमिति : २०७५।०५।२६

भाग-२

**जानकी गाउँपालिका**

# जानकी गाउँपालिकाको कृषि नीति, २०७५

**प्रस्तावना :**

जानकी गाउँपालिकाक्षेत्रका करिव ८० प्रतिशत कृषकहरुको सुनौलो भाग्य निर्माणका लागि हाल भैरहेको कृषि क्षेत्रको सुस्त विकास प्रक्रियालाई दृष्टिगत सँगै नेपालको संविधान २०७२ को मर्म तथा भावनालाई कदर गदै कृषि विकासको गति द्रुततर वनाउन अपरिहार्य वनेको छ । जसको लागि स्थानिय वस्तुस्थिति,हावापानी तथा समाज सुहाउदो एवं समयसापेक्ष कृषि विकास नीति तर्जुमा हुन नितान्त आवश्यक हुन गएको र बदलिदो परिवेश अनुरुप कषि क्षेत्रलाई पनि रुपान्तरण तथा विकास प्रकृयामा सामेल गराउन जरुरी छ । जानकी गाउँपालिकामा बसोवास गर्ने कृषकहरु परम्परागत खेती प्रविधिमै केन्द्रित रहेको र यस क्षेत्रको आर्थिक बृद्धिको मूल आधार पनि कृषि नै रहेकाले पनि समग्र कृषि क्षेत्रको रुपान्तरण जरुरी छ । कृषि क्षेत्रको दुत, दिगो एवं किफायती विकास विना अन्य कुनै क्षेत्रको विकास सम्भव नदेखियको परिप्रेक्षमा यस क्षेत्रको आधारभुत एवं व्यवसायिक विकासका लागि समय सापेक्ष नीति निर्धारण गरी कार्यान्वयनमा लैजानु

महत्वपुर्ण भुमिका बन्न जान्छ सोही बमोजिम जानकी गाउँपालिका क्षेत्रका कृषि भएका सम्भावनाहरु केलाउँदै वास्तविकतालाई केन्द्रमा राखी भावी गुरु योजना तथा रणनीति एवं कार्यनीतिका रुपमा जानकी गाउँपालिकाको कृषि नीति, २०७५ तयार पारिएको हो ।

**ध्येय /सोच :**

जानकी गाउँपालिकाको भौगोलिक भूवनोट बातावरण तथा श्रोत साधनलाई मध्यनजर गदै कृषकको चाहानामा आधुनिक उन्नत प्रविधिको अनुसरण मार्फत समग्र कृषि क्षेत्रलाई मर्यादित एवं ब्यवसायिक अधौगिकरणको रुपमा स्थापित गराउने ।

**लक्ष्य :**

नेपालको नयाँ संविधान २०७२ को मूल मर्मलाई आत्मसात गरी संविधानको कार्यान्वयन सगै राज्यको पुनसंरचना बमोजिम कृषि क्षेत्रको सवलीकरण मार्फत जानकी गाउँपालिका बासी सवै जना कृषकको आर्थिक अवस्थामा टेवा पु-याउने ।

**उद्धेश्यहरु**

**१.**कृषि क्षेत्रमा लागेका कृषकहरुलाई ब्यवसायिकरण आधुनिकिकरणतर्फ उन्मुख गराई युवा शक्तिलाई विदेश पलायन हुनबाट रोक्ने तथा कृषि क्षेत्रमा लाग्न अभिप्रेरित गरी समग्र कृषि क्षेत्रको विकास मार्फत आर्थिक सम्बृद्धि ल्याउने ।

२. विविधिकारण मार्फत कृषि उत्पादन एवं उत्पादकत्वमा बृद्धि ल्याउने ।

३.कृषि क्षेत्रलाई समय सापेक्ष ब्यवसायिकरण आधुनिकीकरण तथा औद्योगिकरणमा लैजान प्रयत्न गर्ने ।

**रणनीति :**

१. समग्र कृषि क्षेत्रलाई सम्मानजनक, मर्यादित आकर्षक पेशाको रुपमा विकास गरी प्रतिस्पर्धा वनाउन आवश्यक पहलकदमी लिनुका साथ सहयोगी कार्यक्रमहरुमा जोड दिने ।

२. उच्च मुल्य वस्तु (HIGH VALUE CROP) तथा सम्भावना बाँकेका कृषि वस्तुहरुको पहिचान गरी तुलनात्मक लाभ लागतका आधारमा क्षेत्र विस्तार एवं ब्यवसायीकरण मार्फत आत्मनिर्भरता तर्फ उन्मुख गराउने ।

३ स्थानिय वातारवरण हावापानी लगायत जलवायु परिवर्तन र प्राकृतिक प्रकोप संग घुलमिल हुन सक्ने तथा त्यस बाट पर्न सक्ने सम्भाब्य असर न्युनिकरण गर्न सक्ने प्रविधि एवं क्षमताको विकास गर्ने ।

**चुनौतीहरु :**

कृषि क्षेत्रका हाल कायम रही आएका  तपसिल वमोजिमका चुनौतीहरुलाई सामान गदै अगाडी बढ्न जरुरी छ ।

१. खुल्ला सीमानाका कारण कृषि जन्य बस्तुहरु सोझै विना भन्सार आयात भै स्थानीय उत्पादन सँग प्रतिपर्धा गर्नु ।

२. प्राकृतिक प्रकोप विशेष गरी बाढी ,सुख्खा खडेरी  जोखिम क्रममा रहनु ।

३. परम्परागत कृषि प्रणालीलाई परित्याग गर्न नसक्नु तथा आधुनिक प्रविधिको अनुशरण गर्न नसक्नु ।

४. भू ब्यवस्थापन तथा चक्लावन्दी, खेती योग्य जमीन घडेरीमा विक्रिको कारणले टुक्रे खेती प्रणाली रहनु ।

५. सिंचाईको सुविधा पुग्न नसक्नु अधिकांश क्षेत्रमा आकाशे पानीको भरमा खेती गर्नु ।

६ विद्युत सेवा पर्याप्त एवं सहज रुपमा उपलब्ध हुन नसक्नु ।

**अवसरहरु**

१. हालको उत्पादित कृषि वस्तुहरुलाई वढावा दिई कृषि उद्योगहरुको लागि कच्चा पदार्थको रुपमा खपत एवं निर्यात गर्न सकिने प्रशस्त सम्भावना रहेको ।

२. प्राङ्गारीक मलको उपयोगलाई वढावा दिई प्राङ्गारीक खेती उत्पादन गर्न सकिने ।

३. कृषि क्षेत्रको गुरु योजना वनाई विभिन्न सम्भावना बोकेका कृषि वस्तुहरुको पहिचान गरी पकेट ,ब्लकको अवधारणमा रोजगारीको अवसर श्रृजना गरी आर्थिक विकासमा परिवर्तन गर्न सकिने ।

**कार्यनीति :**

क) कृषि क्षेत्रमा लागेका सम्पुर्ण कृषकहरुको स्तर (साना,मझौला, र ठुला) निर्धारण गरी कृषक परिचय पत्र वितरण र आवधिक नीति तथा कार्यविधि तयार गरी सामाजिक सुरक्षा कार्यक्रम लागु गरिने छ ।

ख) गाउँपालिका क्षेत्रका सम्भावना बाकेका बस्तुहरुको आधुनिकिकरण तथा ब्यवसायीकरण गदै सो बस्तुहरु तरकारी,धान,गहुँ,मकै,मुसुरो,आलु,माछा, तथा मौरीपालन, च्याउखेती) लाई क्रमिक रुपमा आत्मनिर्भर बनाईनेछ ।

ग) कृषि उपज बजार तथा संङ्कलन केन्द्र एवं शीत भण्डार संचालनको लागि निजी क्षेत्र सँग सहकार्य गरी अघि वढाईने छ ।

घ) एक गाउँ एक उत्पादन (one village one product)तथा एक फर्म एक उत्पादन र एक घर एक नर्सरी जस्ता नीति अवलम्वन गरिने छ ।

ङ) कृषि उत्पादनको उचित मुल्य निर्धारण तथा बजार प्रवर्धनका लागि संयन्त्र निर्माण गरिने छ ।

च) गाउँपालिका क्षेत्र भित्र सम्भाब्यता बोकेका बस्तु तथा क्षेत्रहरुको पहिचान गरी उपयुक्त कार्यक्रम लागु गरिने छ ।

छ) खेती योग्य जमिनलाई बाँझो राख्ने प्रवित्तिलाई निरुसाहित गदै कृषिको दिगो एवं भरपर्दो (स्थानीय परिवेश) अनुसार योजना वनाई कार्यान्वयन एवं सहजीकरण गरिनेछ ।

ज) गुणस्तरिय कृषि उत्पादन सामग्री तथा यान्त्रिकीकरणका लागि कृषक मैत्रीक औजार ,उन्नत प्रविधि एवं सुलभ कृषि कर्जाको ब्यवस्था गरिनेछ ।

झ) कृषिमा आधारित उद्योगहरु स्थापन गर्न उत्प्रेरित गरिने छ र रोजगारीमा बृद्धि साथै कृषि पर्यटनको विकासमा युवा कृषकहरुलाई आकर्षित गर्ने खालका कार्यक्रमहरु संचालनमा ल्याईने छ ।

ञ) उत्पादित बस्तुहरुलाई वजारीकरणका लागि पायक पर्ने ठाउँहरुमा हाटवजार तथा संकलन केन्द्र स्थापन गरी प्रवर्धन गरिने छ ।

ट) स्थानीय श्रोत साधनहरुको अधिकतम उपयोग गरी वातावरण मैत्री प्रविधिको अनुशरण गरिने छ ।

ठ) कृषि उत्पादनको स्वच्छता तथा गुणस्तर कायम राख्न सरोकारवाला निकाय सँग समन्वय गरी हातेमाले गरी कार्यक्रमहरु संचालन गरिने छ ।

ड) समग्र कृषि विकास तथा जानकी गाउँपालिकालाई समृद्ध गाउँपालिका वनाउनको लागि अल्पकालिन तथा दिर्घकालिन योजनाहरु तयार गरी कार्यक्रमहरु कार्यान्वयनमा ल्याईने छ ।

१. कृषि सर्वेक्षण कार्यक्रम संचालन तथा कृषि प्रोफायल तयार गर्ने ।

२. गाउँपालिकाको खाद्य वासलात पत्ता लगाईने भावी योजना निर्माण गरिने छ ।

३. उच्च मूल्य वस्तुहरुको सम्भावना पत्ता लागाई युवा स्वरोजगार जस्ता कार्यक्रमहरुलाई प्राथमिकता दिने ।

४. कृषि उत्पादनमुखी कृषि सेवा प्रदान गरिने छ ।

५. बाली विमा कार्यक्रम संचालन गरिने छ ।

६ कृषकहरुलाई अनुदान कार्यक्रमहरु संचालन गरिने छ ।

७. ब्यवसायिक कृषि फर्म संचालन गरी अघि बढेका कृषकहरुलाई प्रोत्साहनमूलक कार्यक्रम संचालन गरिने छ ।

८. गाउँपालिका क्षेत्र भित्र सम्भावना बोकेका कृषि उत्पादन र हरित गाउँ वनाउन पहल कदमी लिने ।

९. संघिय ,प्रदेश राज्यले अङ्गिकार गर्दै आएको प्रचुर मात्रामा सम्भावना बोकेका बाली तथा कृषि बस्तुहरुलाई पकेट,ब्लक, जोन तथा सुपरजोन जस्ता उत्पादन केन्द्रको स्थापन गरी उत्पादन तथा वजारीकरणलाई सहज वनाउने कार्य गरिने छ।

१०. गाउँपालिका क्षेत्र भित्र वसोवास गर्ने अति विपन्न कृषकहरुको पहिचान गरी कृषक परिचय-पत्र वितरण गरिने छ।

११. हरेक टोल,टोल बस्तीहरुमा कृषक समूह, वडा तथा गाउँपालिकामा कृषक समन्वय समिति गठन गरिने छ।

१२.वजारीकरण तथा कृषि उपज बजारको अनुगमन , नियमन तथा समन्वय गरिने छ।

१३. कृषि सहकारीहरुको प्रवर्द्धन गरिने छ।

१४. उचित किसमको सिंचाई ब्यवस्था गरिने छ।

आज्ञाले,

प्रमुख प्रशासकीय अधिकृत